"हरित नगर, समृद्ध दमक"

दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

प.सं.
च.नं. २३१०

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

# बोलपत्र आव्हानको सूचना

## बोलपत्र आव्हानको सूचना

(तेश्रो पटक प्रकाशन मिति २०७७/११/२६)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस नगरपालिकाको आर्थिक ऐन, २०७७ मा व्यवस्था भए बमोजिम दमक नगरपालिका, र मिक्लाजुङ्ग गाउँपालिकाको मिति २०७७/११/२३ गते वसेको पालिका प्रमुख स्तरीय संयुक्त बैठकवाट भएको निर्णयानुसार आ.व. २०७७/०७८ मा स्वीकृत IEE प्रतिवेदनले निर्धारण गरे वमोजिम मिक्लाजुङ्ग गाउँपालिका र दमक नगरपालिकाको सिमा भित्र पर्ने क्षेत्रमा मावा खोलाको नदीजन्य सामाग्रीहरुको संकलन, घाटगद्धी एवंक बिक्रीका लागि ठेक्का वन्दोवस्त गर्न तेश्रो पटकका लागि सूचना आव्हान गरिएको छ । इच्छुक फर्म, निर्माण व्यवशायी वा संस्थाले तोकिएको शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रितपूर्वक मावा खोलावाट संकलन हुने नदीजन्य सामाग्रीको संकलन, घाटगद्धी एवं बिक्रीका लागि हार्डकपि तथा ई-विड मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराईन्छ ।

ठेक्का नं. : DMO/JHAPA/RIVER/MWA/22/077/78

ठेक्काको विवरण : दमक र मिक्लाजुङ गाउँपालिकाको सिमानामा वहने मावा खोलाहरुवाट स्वीकृत IEE अनुसार निकालिने नदी जन्य सामाग्री संकलन, घाटगद्दी एवं विक्री मुल्य कर ।

न्यूनतम ठेक्का अंक : रु.६२,८९,२५८/१६ (मु.अ.कर बाहेक)

अवधि : सम्झौता मिति देखि २०७८ जेठ मसान्तसम्म

वोलपत्र दस्तुर : रु. ३,०००/- (तीन हजार) मात्र ।

वोलपत्र फारम खरिद गर्ने अन्तिम मिति - २०७७/१२/०३ गते कार्यालय समयसम्म ।

वोलपत्र दाखिला गर्ने अन्तिम मिति - २०७७/१२/०४ समय - अपरान्ह १२:०० वजेसम्म ।

वोलपत्र खोलिने मिति - २०७७/१२/०४ समय - अपरान्ह २:०० वजे ।

धरौटी रकम : कवोल अंकको ५% प्रतिशत

शर्तहरु

१) बोलपत्र खरिद गर्न ईच्छुक वोलपत्रदाताले तल उल्लेख भए अनुसारको वोलपत्र दस्तुर रा.वा.बैक दमक स्थित यस नगरपालिकाको हि.नं. २१४०१००३०१०१०००२ को यस नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

२) विद्युतिय वोलपत्र (ई-विड) को हकमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईट http://www.bolpatra.gov.np मा भएको प्रावधान वमोजिम वोलपत्र फारम खरिद गरेको मिति देखि वोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलीपल्ट अपरान्ह १२:०० वजे सम्म शिलबन्दी बोलपत्र फारम दर्ता गर्न सकिने र हार्डकपिको हकमा माथि तालिकामा उल्लेख भए बमोजिम हुनेछ ।

३) कार्यालयवाट वोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र र तोकिएको वोलपत्र दस्तुरको बैंक भौचर र ई-विडीङ वमोजिमका कागजातहरु उल्लेखित समय भित्र पेश गर्नु पर्नेछ ।

४) माथि उल्लेखित भए अनुसार पेश भै अधिकतम अंक कबोल भएको वोलपत्र स्वीकृत भए पश्चात सम्झौताका बखत सम्वन्धित ठेकेदारले मुल्य अभिवृद्धि कर सहितको रकम दमक नगरपालिकाको विभाज्य कोष खातामा जम्मा गर्नु पर्नेछ ।

अधिराजप्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं. ~~२४१०~~ २२१०

५) समय भित्र पेश भएका बोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६) बोलपत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही बाट ई-बिडिङ मार्फत पेश गर्नु पर्नेछ।

७) बोलपत्र फाराममा उल्लेखित कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको रा. बा. बैंक दमक स्थित हि.नं.२१४०१००३०३००००२ को धरौटी खातामा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० (एक सय बीस) दिन म्याद भएको बिड बण्डको सक्कलै प्रति पेश गर्नुपर्नेछ। धरौटी जम्मा गरेको भौचरको पछाडी धरौटी जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ।

८) बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। केरमेट गरेमा वा टिपेक्स लगाएमा बोलपत्र दाताले टिपेक्स लगाएको ठाउँमा दस्तखत गरेको हुनु पर्नेछ।

९) बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। मुनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।

१०) ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाएमा स्वीकृत अंकमा बढीमा १०% प्रतिशत सम्म छुट दिन सकिनेछ। बराबर अंक कबोल भई किस्ता बन्दी र एकमुष्ट रकम बुझाउने ठेक्काको सम्बन्धमा निर्णय गर्दा एकमुष्ट रकम बुझाउनेलाई प्राथमिकता दिने गरी दमक नगरपालिकाले निर्णय गर्नेछ। छुट रकम लिने प्रयोजनका लागि नगरपालिकाले सम्झौता गर्नु अघि एकमुष्ट रकम र सो मा लाग्ने मुल्य अभिवृद्धि कर बुझाएको हुनेछ।

११) किस्तावन्दी रुपमा रकम बुझाउंदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम मु.अ.कर सहित २ (दुई) किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ। त्यसपछिको बाकी किस्ताको रकम २०७८ सालको बैसाख १५ गते भित्र बुझाउनु पर्नेछ। साथै यसरी किस्तावन्दीमा रकम बुझाउदा ठेकेदारले ठेक्का कबोल गरेको अंकमा अन्तिम किस्ताको रकम बराबरको जमानत वापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट २०७८ असार मसान्तसम्म अवधि भएको बैंक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ।

१२) किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ। म्याद भित्र नबुझाएमा दमक नगरपालिकालाई ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ।

१३) नियमानुसार ठेक्काको किस्ता रकम र बैंक ग्यारेन्टी बुझाए पश्चात ठेक्का सम्झौता गरी चलनपूर्जि दिइने छ। ठेक्का रकम एकमुष्ठ नबुझाई किस्तामा बुझाउने ठेकेदारले बांकी रकमको बैंक ग्यारेन्टी पेश गर्दा आफूले कबोल गरेको कबोल अंक चुक्ता हुने गरीको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ।

१४) ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

१५) दमक नगरपालिकालाई रकम बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बाकी रकम नबुझाएसम्म यस बोलपत्र प्रकृयामा सहभागी गराईने छैन, तथापि निजको बोलपत्र पेश गरेमा स्वीकृत गरिने छैन।

१६) ठेक्का अवधि भर ठेकेदारले आफुखुशी ठेक्का तोड्न पाउने छैन। बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बांकी रकममा १० प्रतिशत ब्याज जोडी असुल उपर गरिने छ। यसरी ठेक्का तोडिन गई बांकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि यसरी ठेक्का तोड्ने ठेकेदारबाटै सरकारी बांकी सरह असुल गरिनेछ।

...उपासना
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

"हरित नगर, समृद्ध दमक"
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
१ नं. प्रदेश, नेपाल

प.सं.
च.नं. ४३१०

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

१७) ठेक्का अवधिका सम्बन्धमा संकलन तथा बिक्री वितरण सम्झौता भएको मिति देखि २०७८ जेठ मसान्तसम्मको हुनेछ ।

१८) मावा नदीबाट निर्माण सामाग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ । तोकिए बमोजिमका पुल पुलेसा, संरक्षण क्षेत्र, मसानघाट आदिको US (उत्तर) मा ५०० मिटर र DS (दक्षिण) मा ५०० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागवाट मात्र संकल गर्ने र नेपाल सरकारको नीति निर्देशन अनुसार खोलाको सतहलाई IEE प्रतिवेदनले तोके भन्दा गहिरो नहुने गरी सो भित्रवाट मात्र निर्माण सामाग्री संकलन गर्नु पर्नेछ ।

१९) महत्वपुर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा निर्माण सामाग्री मात्र ओसार पसार गर्नु पर्नेछ ।

२०) खोलाबाट निकालिने निर्माण सामाग्री विक्री मुल्य करको ठेक्का संचालन गर्दा कुनै बाधा अवरोध आईपरेमा ठेकेदार स्वयं आफैले मिलाई कर संकलन गर्नु पर्नेछ । यसमा नगरपालिकाले आवश्यक सहजिकरण गर्नेछ ।

२१) कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारण देखाई ठेकेदारले कुनै पनि छुट वा मिनाहा दावी गर्न नपाइने र सो छुट मिनाहा दिन कार्यालय बाँध्य हुने छैन ।

२२) निर्माण सामाग्री निकाल्दा विभिन्न खोलाहरुमा स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र नांका भित्र मात्र सिमीत रही निर्माण सामाग्री निकाल्नु पर्नेछ ।

२३) तोकिएको परिमाण तथा नांका भन्दा वाहिर गई निर्माण सामाग्री निकाल्न पाईने छैन ।

२४) निर्माण सामाग्री उत्खनन गर्ने समय विहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ ।

२५) निर्माण सामाग्री ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रण का लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्वन्धित ठेकेदारले गर्नु पर्नेछ । यस किसिमका उजुरीहरु स्थानीय स्तरवाट आउन नदिने गरी सम्वन्धित ठेकेदारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ, सो वापतको खर्च दावी गर्न पाईने छैन ।

२६) नदिजन्य समाग्री उत्खननका लागि हेभि मेशिनरी उपकरण प्रयोग गर्ने सम्वन्धमा नगरपालिकाले तोकि दिएको स्थान, संख्या र विन्दुमा मात्र प्रयोग गर्न पाईने छ । तर मावा खोलाको हकमा हेभि मेसिन प्रयोग गर्न अनुमति दिईने छैन ।

२७) नदीजन्य सामाग्रीहरु उत्खनन/संकलन गर्दा उत्खनन् गरिने परिमाण निम्नानुसार हुनेछ ।

(क) मावा खोला प्याकेज नं. २

| | |
|---|---|
| • गोलाटार दमक ३, मिक्लाजुङ ९ | ३३३३.३३ घ.मि. |
| • पानीघट्टा दमक ३, मिक्लाजुङ ९ | ३३३३.३३ घ.मि. |
| • मावा पुल ५०० मि. उत्तर दमक ३, मिक्लाजुङ ९ | ६००० घ.मि. |
| जम्मा | १२६६६.६६ घ.मि. |

(ख) मावा खोला प्याकेज नं. ३

| | |
|---|---|
| • दुम्से खण्ड १ दमक ३ र मिक्लाजुङ ९ | २३३३.३३ घ.मि. |
| • दुम्से खण्ड २ दमक ३ र मिक्लाजुङ ९ | १०१११.११ घ.मि. |
| • दुधे दमक ३ र मिक्लाजुङ ८ र ९ | २००० घ.मि. |
| • ढुंगे दक्षिण दमक ३ र मिक्लाजुङ ८ | ४६६६.६७ घ.मि. |
| • ढुंगे दमक ३ र मिक्लाजुङ ८ | २००० घ.मि. |
| जम्मा | २११११.११ घ.मि. |
| दुवै प्याकेजको जम्मा | ३३,७७७.७८ घ.मि. |

(हस्ताक्षर)
जगदीशप्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं. 2350

२८) कुनै पनि कर शुल्क वा बिक्री मूल्य असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढांट वा तगारो राखी कर शुल्क र मुल्य असुल गर्न पाइने छैन र कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ।

२९) ठेकेदारले नदी जन्य सामाग्रीको स्टक राख्नु पर्ने भएमा दमक नगरपालिकालाई पूर्व जानकारी गराई सम्वन्धित पालिकावाट ईजाजत लिई खोला किनारवाट ५०० मिटरको दुरीमा राख्न सकिनेछ।

३०) ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार दमक नगरपालिकालाई रहनेछ।

३१) शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कारवाही हुने छैन।

३२) यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको बोलपत्रलाई मान्यता दिईने छैन।

३३) रोडा, ढुंगा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्वन्धमा नेपाल सरकारवाट स्वीकृत नियमन सम्वन्धी प्रतिवेदन पालना गर्नु पर्नेछ।

३४) अनुमगन गर्दा कानून र मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिनेछ।

३५) IEE प्रतिवेदनले तोकेको स्थान/नांकाबाट तोकेको परिमाणमा मात्र संकलन गर्न पाईनेछ। यसरी संकलन गरेको परिमाणको लागत प्रत्येक १५/१५ दिनमा दमक नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ। संकलन गरि सकेको नदीजन्य सामाग्रीलाई घाटगद्दी गरेर मात्र विक्री वितरण गर्नु पर्नेछ। यसरी संकलन तथा घाटगद्दी गर्दाको लागत स्वयं ठेकेदारले बेहोर्नु पर्नेछ। तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामाग्री संकलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन।

३६) यस सुचना वमोजिम संझौता भई ठेक्का चलानपूर्जी जारी गरीएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन।

३७) संकलन गरिने सामाग्रीको प्रदेश सरकारले तोके बमोजिमको दररेट सहितको नगदी रसिद ठेकेदार स्वयंले छपाई सो को बिवरण नगरपालिकामा पेश गरी रसिदहरु छाप लगाएर मात्रै जारी गर्नु पर्नेछ।

३८) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

३९) ठेक्का सम्वन्धमा थप बुझ्नु परेमा कार्यालय समयमा दमक नगरपालिकाको राजश्व र वातावरण शाखामा सम्पर्क राख्न सकिनेछ।

..............

2076/11/26
...गणेशप्रसाद तिमिल्सिना
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner